# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०८३/०८४
Ref.No :2083/084
चलानी नं. :

तेतरिया,मोरङ
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


## सार्वजनिक सूचना

(लागत अनुमान तयार गर्ने प्रयोजनका लागि मूल्य विवरण पेश गर्ने सम्बन्धी सूचना)

प्रकाशित मिति: २०८३/०६/१९

यस गाउँपालिकाको भूमि व्यवस्थापन शाखाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पर्ने तल उल्लिखित Online UPS र Automatic Voltage Stabilizer खरिद तथा जडानको लागत अनुमान तयार गर्ने प्रयोजनका लागि बजार दर संकलन गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ता फर्म/कम्पनी/व्यवसायीहरूले आफ्नो मूल्य विवरण (Price Quotation) यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ।

### १. आवश्यक सामान तथा सेवाको विवरण

| क्र.सं. | सामान/सेवाको नाम | प्राविधिक स्पेसिफिकेसन | एकाइ | परिमाण |
|---|---|---|---|---|
| १ | Online UPS | Double conversion, 5 KVA, Pure Sine Wave Output | थान | १ |
| २ | Automatic Voltage Stabilizer | 10 KVA | थान | १ |
| ३ | Battery 100AH | Tall Tabular | थान | १० |
| ४ | जडान तथा कमिसनिङ सेवा | वायरिङ्ग, MCB, अर्थिङ्ग, टेस्टिङ तथा कमिसनिङ सहित | सेवा | १ |

### २. मूल्य विवरण पेश गर्दा खुलाउनुपर्ने कुरा

१. प्रत्येक सामान/सेवाको एकाइ दर, जम्मा रकम तथा मू.अ.क. (VAT) छुट्टाछुट्टै खुलाउनुपर्नेछ।

२. प्रस्तावित सामानको ब्रान्ड, मोडल, उत्पादक देश, ब्रोसर/डाटासिट तथा वारेन्टी अवधि (ब्याट्रीसहित) उल्लेख गर्नुपर्नेछ।

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

३. मूल्य विवरण पेश गर्ने फर्म/कम्पनीको दर्ता, स्थायी लेखा नम्बर (PAN/VAT) प्रमाणपत्र, चालू आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको प्रमाणको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

४. मूल्य विवरणमा फर्मको छाप र अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ।

### ३. पेश गर्ने तरिका तथा ठेगाना

मूल्य विवरण बन्द खाममा "भूमि व्यवस्थापन शाखाको Online UPS र Stabilizer को लागत अनुमान प्रयोजनका लागि मूल्य विवरण" भनी उल्लेख गरी ग्रामथान गाउँपालिका कार्यालय, तेतरिया, मोरङ को जिन्सी शाखामा मिति २०८३/०६/२६ गते दिनको १२ बजेसम्म पेश गर्नुपर्नेछ। म्याद नाघी प्राप्त भएका विवरण ग्राह्य हुने छैनन्।

### ४. अन्य व्यवस्था

१. यो सूचना केवल लागत अनुमान तयार गर्ने प्रयोजनका लागि बजार दर संकलन गर्न जारी गरिएको हो। मूल्य विवरण पेश गर्नुले खरिद आदेश वा सम्झौता पाउने अधिकार सिर्जना गर्ने छैन।

२. खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम पछि छुट्टै सूचना/प्रक्रियाद्वारा अगाडि बढाइनेछ।

३. पेश भएको मूल्य विवरणमध्ये कुनै वा सबै अस्वीकार गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

४. थप जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ।

०८४/६/१८

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत